वैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको वैठक)

वैठक क्रम संख्याः एघारौं

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८३।०१।२५, शुक्रबार

स्थानः क्व्होलासोथार गाउँपालिका सभाहल, मालिङ ।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९ | श्री प्रकाश शेरचन | प्राविधिक शाखा प्रमुख | " | |
| २० | श्री सन्दिप गुरुङ | रोजगार संयोजक | " | |
| २१ | श्री. अनिल पौडेल | सूचना प्रविधि अधिकृत | " | |
| २२ | श्री अरविन्द कुमार चौधरी | स्वास्थ्य शाखा प्रमुख | " | |
| २३ | श्री यज्ञ बहादुर चन्द | [illegible] | " | |
| २४ | डा. अनुप गुरुङ | पशु चिकित्सक | " | |
| २५ | कल्पना गुरुङ | एम. आई. एस अपरेटर | " | |
| २६ | स्मृति अधिकारी | कृषि अधिकृत | " | |
| २७ | सुमन पौडेल | प्रशासकिय अधिकृत | | |
| २८ | भिमलाल पोखरेल | प्राविधिक सहायक | | |

CS CamScanner

एघारौं कार्यपालिका बैठक २०८३।०१।२५ गते, शुक्रवार

**प्रस्ताव नं १ . आगामी आ. व. २०८३।०८४ का लागि सहभागितामुलक योजना/कार्यक्रमको तर्जुमा प्राथमिकताका आधार निर्धारण सम्बन्धमा।**

**निर्णय नं १.** स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १२ को उपदफा २ (क) बमोजिम स्थानीय टोल बस्तीमा सहभागितामूलक योजना/कार्यक्रमहरु तर्जुमा गर्दा देहायका आधारहरु निर्धारण गरी योजना माग संकलन र प्राथमिकीकरण गर्ने।

**आधारहरु**

क) तथ्याङ्कीय आधार - जनसंख्या, क्षेत्रफल, मानव विकास तथा पूर्वाधारको अवस्था।
ख) स्थानीय राजश्व परामर्श समितिले आन्तरिक राजस्वका स्रोत, दायरा र दरको विश्लेषण।
ग) गाउँ गौरवका आयोजना।
घ) समपूरक अनुदानमा सञ्चालन हुने योजना।
ङ) दिगो विकासका लक्ष्य कार्यान्वयन हुने योजना।
च) गाउँपालिका आँफैले सञ्चालन गर्नुपर्ने अत्यावश्यक कार्य।
छ) सशर्त र विशेष अनुदानबाट सञ्चालन हुने योजना ।

**प्रस्ताव नं २. सरकारी तथा सार्वजनिक जग्गा संरक्षण/अतिक्रमण नियन्त्रण योजना तथा वास्तविक सुकुम्बासी पहिचान सम्बन्धमा।**

**निर्णय नं २.** स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को परिच्छेद १३ मा भएको स्थानीय तहको सम्पति संरक्षण गर्ने व्यवस्था बमोजिम यस क्व्होलासोथार गाउँपालिका क्षेत्रभित्र रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गर्ने, अतिक्रमण नियन्त्रण गर्ने तथा पहिचान भएका वास्तविक सुकुम्बासीको अन्यत्र सुरक्षित व्यवस्थापन गर्ने योजना तयारीका लागि क्व्होलासोथार गाउँपालिकाका ९ वटै वडाहरुबाट अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको विवरण र वास्तविक सुकुम्बासीको विवरण यथाशिघ्र माग गर्ने र सार्वजनिक गर्ने।

**प्रस्ताव नं ३. प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका अधिकृतस्तर कर्मचारीको स्थायी नियुक्ति सम्बन्धमा।**

**निर्णय नं ३.** गण्डकी प्रदेश लोक सेवा आयोगबाट यस क्व्होलासोथार गाउँपालिकामा रिक्त रहेको अधिकृतस्तर सातौं तह, प्रशासकीय अधिकृत पदमा सिफारिस हुनुभएका श्री सुमन पौडेल (क.सं.नं २४१८४९), गैडाकोट-१३ नवलपरासी (बर्दघाट सुस्ता पुर्व) लाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) बमोजिम मिति २०८३।०१।१५ गते देखि जेष्ठता कायम हुने गरी स्थायी नियुक्ती तथा पदस्थापन गर्ने।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

एघारौं कार्यपालिका बैठक २०८३।०१।२५ गते, शुक्रवार

**प्रस्ताव नं ४. भूमि प्रशासन सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धमा।**

**निर्णय नं ४.** नेपालको संवैधानिक प्रावधान अनुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएको सेवाहरु स्थानीय तहबाट प्रवाह गर्न चाहने स्थानीय तहहरुलाई मिति २०८३।०१।१० मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय(जग्गा प्रशासन शाखा)बाट सम्प्रेषण भएको सूचना बमोजिम यस क्व्होलासोथार गाउँपालिकाबाट मिति २०८३।०१।१६ गते च.नं. ५७५ को पत्रमार्फत "भूमि प्रशासन सेवाहरु स्थानीय तहबाटै प्रवाह गर्न इच्छुक रहेको" जानकारी गराइएको हुँदा यस प्रस्तावमा समर्थन गर्ने।

**प्रस्ताव नं ५. सुशासन अभ्यास आदान प्रदान मिति स्थान तय सम्बन्धमा।**

**निर्णय नं ५.** आर्थिक वर्ष २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम "सुशासन अभ्यास आदानप्रदान कार्यक्रम" ऐ. जेठ महिनाभित्र गण्डकी प्रदेश र अन्य प्रदेशका सफल र उत्कृष्ट कार्यसम्पादन भएका स्थानीय तहरुको अभ्यास अवलोकन, अध्ययन तथा आदानप्रदान गर्ने।

**प्रस्ताव नं ६. प्रादेशिक योजना/कार्यक्रमहरु पेश सम्बन्धमा।**

**निर्णय नं ६.** आ.व. २०८३।०८४ मा प्रादेशिक मन्त्रालयहरुमा देहाय बमोजिमका आयोजना/ कार्यक्रमहरु लागि आवश्यक वजेट माग गर्न अनुमति दिने।

**भौतिक पुर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत**

**क. मोटरबाटो निर्माण तथा स्तरोन्नति**

१. बगैचा, पसगाउँ सिङ्दी मोटरबाटो कालोपत्रे लमजुङ र कास्की
२. बाग्लुङपानी घलेगाउँ भुजुङ मोटरबाटो कालोपत्रे, वडा नं १, ३ र ४
३. मिदिमखोला मालिङ कपुरगाउँ मोटरबाटो स्तरोन्नति, वडा नं २
४. घाम्राङ तामु मोटरबाटो स्तरोन्नति, वडा नं ८
५. ह्वाने भञ्ज्याङ सडकखण्ड स्तोरन्नती, वडा नं ८
६. मालिङ शैलुङ बरेट मिदिम खोला मोटरबाटो स्तरोन्नति, वडा नं ७

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तर्गत**

१. डिपिङ्ग ट्याङ्क निर्माण
२. घुम्ती गोठ टहरम निर्माण
३. छुर्पी प्रवर्द्धन कार्यक्रम
४. चरन खर्क सुधार कार्यक्रम
५. चिया तथा कफि प्रोसेसिङ मेशिन
६. शितभण्डार कक्ष निर्माण
७. उन प्रशोधन केन्द्र निर्माण

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

एघारौं कार्यपालिका बैठक २०८३।०१।२५ गते, शुक्रवार

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**उद्योग तथा पर्यटन मन्त्रालयअन्तर्गत**

१. सिङ्दी कर्पुडाँडा पर्यटकीय पदमार्ग लमजुङ र कास्की
२. क्व्होम्रे डाँडा पलेप्रो रगु पदमार्ग क्व्होलासोथार गा पा ६
३. तिजे ताल संरक्षण तथा निर्माण क्व्होलासोथार गा पा ३
४. भुवानी डाँडा ताकुछो डाँडा पर्यटकीय पुल
५. मुधि पर्यटकीय स्थल क्व्होलासोथार गा पा
६. मिल्दुकोट पर्यटकीय स्थल क्व्होलासोथार गा पा ७
७. सुलीकोट पर्यटकीय स्थल क्व्होलासोथार गा पा १
८. कैयु झरना पर्यटकीय स्थल क्व्होलासोथार गा पा ४
९. क्वाई बो धिं/ मठ/ मन्दिर गुम्बा मर्मत निर्माण /मर्मत क्व्होलासोथार गा पा अनुमति प्रदान गर्ने

**प्रस्ताव नं ७. सार्वजनिक खरिद इकाइ पुनर्गठन सम्बन्धमा।**

**निर्णय नं ७.** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम २ सँग सम्बन्धित सार्वजनिक निकायमा खरिद गर्ने कर्मचारीको योग्यता मापदण्ड, २०७८ बमोजिम गाउँ कार्यपालिकाको मिति २०८०।०६।२४ को नि. नं. (२) अनुसार गठित भएको इकाइलाई देहाय बमोजिम पुनर्गठन गर्ने।

**सार्वजनिक खरिद इकाई**

संयोजक – प्रशासकीय अधिकृत सुमन पौडेल
सदस्य – हे.अ. अरविन्द कुमार चौधरी
सदस्य सचिव- स. प्रशासकीय अधिकृत चित्र घले

**प्रस्ताव नं ८. कार्यालयको सूचना अधिकारी तोक्ने सम्बन्धमा।**

**निर्णय नं ८.** यस कार्यालयमा रहेको सार्वजनिक महत्वको सूचना नियमित रुपमा सार्वजनिक गर्न, आमनागरिकलाई सूचनाको पहुँचमा सरल र सहज बनाउन, संवेदनशील सूचनाको संरक्षण गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम क्व्होलासोथार गाउँपालिकाका प्रशासकीय अधिकृत श्री सुमन पौडेललाई सूचना अधिकारी तोक्ने। निजको काम, कर्तव्य र अधिकार **सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३** बमोजिम हुने।

CamScanner

## एघारौं कार्यपालिका बैठक २०८३।०१।२५ शुक्रवार

**प्रस्ताव नं ९. आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं ९.** सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिसका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | चन्द्रमान कामी, वडा नं ९ | रु. १,००,०००। | क्यान्सर उपचार खर्च |
| २. | बुध बहादुर कामी, वडा नं ४ | रु. ७०,०००। | पक्षघात उपचार खर्च। नशा सकिएको |
| ३. | डिल माया मगर, वडा नं ४ | १,००,०००। | डायलासिसा। मृगौला रोग उपचार खर्च |
| ४. | अपाङ्ग संरक्षण समाज लमजुङ | रु. १०,०००। | अपाङ्ग संरक्षण खर्च |
| ५. | लमजुङ नेत्रहिन संघ, लमजुङ | रु. २५,०००। | अपाङ्ग सम्बन्धी घरधुरी सर्वेक्षण सम्बन्धी पुस्तक छपाई खर्च |
| ६. | राजन गुरुङ, वडा नं १ | रु. ४०,०००। | खुट्टा भाँचिएको उपचार खर्च |
| ७. | घलेगाउँ पर्यटन व्यवस्थापन समिति, वडा नं ३ | रु. ४,००,०००। | ९ औं स्मार्ट भिलेज आमन्त्रित गोल्डकप सञ्चालन खर्च |
| ८. | युवा, खेलकुद विकास समिति गा.पा. | रु. २,५०,०००। | तेस्रो अध्यक्ष कप २०८२ सचालन खर्च |

**प्रस्ताव नं १० . विविध**

**निर्णय नं १०.**

क) वडा नं २ निवासी मोतिजङ्ग गुरुङको आवास निर्माण गर्न (जस्ता खरिद)का लागि रु ५० हजार आवश्यक बिल बिजकका आधारमा भुक्तानी गर्न सिफारिस गर्ने।

ख) वडा नं ७ निवासी मंङ बहादुर बि.क.को आवास निर्माण गर्न (जस्ता खरिद)का लागि रु ५० हजार आवश्यक बिल बिजकका आधारमा भुक्तानी गर्न सिफारिस गर्ने।

ग) वडा नं ७ स्थित वडा कार्यालयको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन लागि थप रु ५० हजार आवश्यक बिल बिजकका आधारमा विविध स्रोतबाट सोधभर्ना दिन स्वीकृति दिने।

घ) वडा नं २ निवासी बल बहादुर लामाको घरमा चट्याङबाट भएको क्षतिको राहत स्वरुप भएको खर्च रु २० हजार अनुमोदन गर्ने।

ङ) क्व्होलासोथार गाउँपालिकाको शिक्षा योजना निर्माण गर्न अनुमति दिने।

च) भेडीगोठ गोठालाहरुको Speaker व्यवस्थापन गर्न अनुमति दिने तथा सो खर्च सम्बन्धित स्रोतबाट भुक्तानी गर्ने।

छ) वडा नं २ निवासी गञ्जमान लामाको विपदबाट सिर्जित आवास निर्माण गर्न विपद व्यवस्थापन कोषबाट रु १ लाख उपलब्ध गराउने।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

## एघारौं कार्यपालिका बैठक २०८३।०१।२५ शुक्रवार

ज) स्वीकृति दरबन्दी अनुसार कार्यालय वा अन्तर्गत रिक्त रहेको अ.न.मी- २ जना र अ.हे.व.- १ जना करार सेवामा नियुक्ति गर्न स्वीकृति दिने ।

झ) एम्बुलेन्स सवारी चालकको २ पटकसम्म विज्ञापन गर्दा पनि चालक नियुक्ति हुन नसकेको हुँदा कुनै योग्यता पुगेको व्यक्ति कार्यालयसँग प्रतिबद्धता व्यक्त गरी कार्यालयलाई उपयुक्त लागेमा करार सेवामा नियुक्ति गर्न अनुमति दिने ।

ञ) लमजुङ जिल्ला, बेसीशहरस्थित श्री धर्म गुठीको भवन निर्माण सम्पन्न गर्नका लागि लागत अनुमान र मुल्याङ्कनका आधारमा आवश्यक कागजातसहित रु १ लाख ५० हजार उपलब्ध गराउने ।

ट) गाउँपालिकास्थित सबै वडा कार्यालयहरुमा प्रहरी चौकी मालिङको समन्वय र सहकार्यमा प्रकोप/विपद व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न अनुमति दिने र सो सञ्चालन खर्च व्यहोर्ने ।

CamScanner